# घरपझोंङ्ग गाउपालिकाको
# जलवायु अनुकुलन मास्टर प्लान सम्बन्धि
# प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको**

घरपझोंङ्ग गाउँपालिकाको

कार्यालय

**प्रतिवेदन पेश गर्ने संस्था**

Table of Contents


परिच्छेद एक: परिचय **4**

११ परिचय. 4

१२ गाउँपालिकाको अवस्था. छ

१ १.२.हावापानी तथा जलवायु छ

१ २.२. गाउँपालिका भएर बग्ने खोलानाला ताल तलैया तथा नदीको विवरण

१ सडक .३.२.तथा यातायातको अवस्था

१) ३ जनसंख्याको विवरण.संकटा सन्नतामा रहेका वर्ग(

११ जातजातिअनुसारको जनसंख्या.३. ठ

१.३.३ जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग तथा एकल र बिधवा महिलाको विवरण

१४ शैक्षिक अवस्थाको विश्लेषण.३. ड

१५ बसोबासको स्थिति.३.

१ /६ पेसा.३.व्यवसायको स्थिति

१.४ स्थानीय विपद तथा जलवायु उत्थान्शील योजनाको परिचय

१.४.१ योजनाको आवश्यकता तथा महत्व ज्ञद्द

१२ योजनाको सीमा.४. ज्ञद्ध

१ ३ योजना.४.निर्माण र स्वीकृति प्रक्रिया ज्ञछ

१४ बजेट व्यवस्था.४. ज्ञछ

१५ योजना कार्यान्वयनको प्रक्रिया.४. ज्ञछ

१६ योजनाको अनुगमन.४., मुल्यांकन तथा पुनरावलोकन ज्ञछ

परिच्छेद दुई प्रकोप :, संकतासन्नता, क्षमता र जोखिम विश्लेषण **ज्ञट**

२१ प्रकोप स्तरीकरण. ज्ञट

२२ विपद ऐतिहासिक समयरेखा.

२३ राहत वितरण सम्बन्धि विवरण.

२४ वार्ड स्तरीय विपद ब्यबस्थापन स.मितिको विवरण ज्ञड

२५ विपद ब्यबस्थापन तथा बातावरण क्षेत्रमा छुट्याइएको बजेट. द्दण

२६ सम्भावित विपद तथा जोखिमहुने क्षेत्र. द्दज्ञ

२३ प्रकोप., मौसम पात्रो द्दज्ञ

२१ प्.३.रकोप पात्रो द्दज्ञ

२२ मौसमी पात्रो.३. द्ज्ञ

२३ बाली र वनस्पति पात्रो.३. द्ज्ञ

२ ४.बस्ती तहको संकतासन्नता स्तरीकरण द्द

२५ विपद वृक्ष विश्लेषण. द्द

२६ क्षमता विश्लेषण. द्द

२१ संस्थागत विश्लेषण.६. द्द

२२ श्.६.रोतको उपलब्धता तथा पहुँच द्द

२७ लक्षित समूह छलफल. द्द

२८ जोखिम विश्लेषण. द्द

२१ भूकम्पको जोखिम विश्लेषण.८. द्द

२२ पहिरोको जोखिम विश्लेषण.८. द्द

२.८३ भेलबाढीको जोखिम विश्लेषण. द्द

२४ अन्य प्रकोपको जोखिम.८. द्द

**परिच्छेद ३दीर्घकालीन सोच :, परिदृश्य, लक्ष्य, नीति र रणनीति** **द्घ**

**३१ दीर्घकालीन सोच.** द्घ

**३२ दूरदृष्ट.ि** द्घ

**३३ ध्येय.** द्घ

**३४ लक्ष्य.** द्घ

**३५ उद्देश्य.** द्घ

**३६ योजना कार्यन्वयन रणनीति.** द्घ

**३७ जलबायु अनुकुलन कार्ययोजनालाई कार्यन्वयन गर्न निम्न अनुसारको रणनीति अबलम्बन गरिनेछ।.** द्छ

**परिच्छेद चारस्थानीय विपद तथा जलवायु उत्थानशील योजना :** **द्ट**

४१ बहुप्रकोपको जोखिम न्यूनीकरण सन्दर्भमा घरपझोंग गाउँपालिकाको नीति निर्माण., जनचेतना अभिवृद्धि र जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरु द्ढ

४२ पहिरो र भेलबाढी जोखिम न्यूनीकरण सन्दर्भमा. द्ढ

४३ विपद पूर्वतयारी योजना. द्ढ

४४ विपद प्रतिकार्य योजना. द्ढ

४) ५ पुनर्लाभ.पुनर्स्थापना र पुनर्निर्माणका क्रियाकलापहरु ( द्ढ


**परिच्छेद :५ स्थानीय विपद तथा उत्थान्शील योजनाको अनुगमन, मुल्यांकन तथा अद्यावधिकता** **घण**

५.१ योजनाको अनुगमन, मुल्यांकन तथा पुनरावलोकन घण

५.२ योजनाको अद्यावधिक घण

# परिच्छेद एक: परिचय

## १.१ परिचय




घरपझोङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । यो गाउँपालिका मुस्ताङ जिल्लाको सदरमुकाममा रहेको गाउँपालिका हो । वि. सं २०७३ सालमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका मार्फा गा.वि.स, टुकुचेको (८,९) वडाहरू र जोमसोम गाउँ विकास समितिहरूलाई समेटेर घरपझोङ गाउँपालिका घोषणा गरिएको हो। घरपझोङ गाउँपालिकाको क्षेत्रफल ३१९।७७ वर्गकिलोमिटर रहेको छ। यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसंख्या ३,१८४ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लासम्म छ । यो ठाउंबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी, तिलिचो पिक, तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउँ प्रख्यात तीर्थस्थल मुक्तिनाथ, तिलिचो ताल र लोमान्थान जाने द्वारको रुपमा पनि लिन सकिन्छ ।

जैविक बिबिधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्युनतम २००० मिटर उचाईदेखि ५००० मिटर भन्दा माथि सम्म फैलिएको छ। भौगोलिक बिबिधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन्। गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समाशीतोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छन्। हिमालपारिको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ।

## १.२ गाउँपालिकाको अवस्था

### १.२.१ हावापानी तथा जलवायु

यो क्षेत्र अन्नपूर्ण हिम शृंखलाको उत्तर पट्टी रहेको हुनाले यहाँ अत्यन्त कम मात्रामा पानी पर्दछ I उच्च हिमाली भेग भएको हुनाले दिउँसोको समयमा उच्च बेगले हावा बहने गर्दछ I औषत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि र माथिल्लो भागमा हिमपात हुन्छ I समुन्द्री सतहबाट निकै उचाईमा रहेको यो गाउँपालिकामा चिसो हावापानी पाइन्छ I ग्रीष्म महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्री सेल्सियस सम्म पुग्छ भने चिसो महिनामा तापक्रम ९ डिग्री सेल्सियस भन्दा तल झर्दछ I जोमसोम देखि दक्षिण तल्लो भेगमा प्राय जसो समाशीतोष्ण चिसो हावापानी पाइन्छ I उत्तरी भेगमा भने हिउंदमा उत्तरी र दक्षिणी दुवै हावा चल्छ भने वर्षायाममा प्रायजसो दक्षिणी हावा बहने गर्दछ I

### १.२.२ गाउँपालिका भएर बग्ने खोलानाला ताल तलैया तथा नदीको विवरण

**<u>ताल</u>**

यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रुपमा ढुम्बा ताल र छेमा ताल रहेमा छन्। यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जाने प्रवेश विन्दु रहेको छ। चिमाङ खोला, मार्फा खोला, ठिनी खोला र स्याङ खोला यस गाउँपालिका भएर बग्ने गर्दछ। यहाँबाट काली गण्डकी नदीको तीरै तीर हुँदै गोरेटो बाटोले दक्षिणमा बेनी तथा बाग्लुङ बजार सम्म जोड्ने गर्दछ। हाल बेनी बाट जोमसोमलाई जोड्न सडक पनि निर्माण हुँदै छ। गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँक्षेत्र भित्रकै श्रोतबाट ल्याइएको छ। नेपाल पर्यटनको लागि विश्वमै चर्चित रहेको छ। नेपालका सुन्दर हिमाल, पहाड, खोला नदि, ताल, विषम भूगोल लगायतका प्राकृतिक सम्पदाहरु पर्यटनका हिस्सा हुन्। नेपालमा यस्ता प्राकृतिक सम्पदाहरु असंख्य रहेका छन्। घरपझोङ गाउँपालिकामा पनि प्राकृतिक सम्पदाहरुको भरिपूर्णता रहेको छ। यहाँका सुन्दर हिमालहरु, ह्यारुझो भ्यू टावर, पुराना गुम्बाहरु, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने म्युजियमहरु र हिमालहरुको मनोरम दृश्य तथा तालतलैया र पोखरीहरु यस क्षेत्रका आर्कषणका केन्द्रहरु हुन्। यस्ता प्राकृतिक सम्पदामध्येका यस क्षेत्रमा रहेका ताल तथा पोखरीहरुको विवरण निम्नानुसार रहेको छ :

| क्रस | नाम | वार्ड | कैफियत |
|---|---|---|---|
| १ | वराह पोखरी | १ | |
| २ | ढुम्वा ताल | ५ | |
| ३ | क्षमा ताल | ५ | |

ताल र पोखरीको अवस्था विश्लेषण गर्दा , घरपझोंग गाउपालिकाको वार्ड न १ र ५ मा मात्र ताल तथा पोखरी रहेको देखिन्छ। वार्ड नं १ मा बराह पोखरी र वार्ड नं ५ मा ढुम्बा ताल र क्षमा ताल रहेको छ। यस्ता ताल र पोखरीको संरक्षण गर्न सके जलबायु अनुकुलनका लागि महत्वपुर्ण कार्य हुन सक्छ।

### १.२.३. सडक तथा यातायातको अवस्था

यस गाउँपालिकाका सबै वडा सडक संजालमा आवद्ध भइसकेका छन् तर पनि सडकको स्तरोन्नती गर्ने कार्य गाउँपालिकाको प्राथमिकतामा रहेको देखिन्छ । सम्रगमा भन्नुपर्दा वर्तमान अवस्थामा यस गाउँका सबै वडा कच्चि सडक संजालसंग जोडिएको छ ।

| क्रस | सडकको बर्गिकरण | लम्बाई किमी | सडकको नाम |
|---|---|---|---|
| १ | धुले /ग्राभेल सडक | ३७.५ | जोमसोम–पैरोथाप्ला |
| २ | धुले /ग्राभेल सडक | २१ | जोमसोम–मुक्तिनाथ (११ कि.मि. कालोपत्रे) |
| ३ | धुले /ग्राभेल सडक | ४ | जोमसोम–ठिनी–ढुम्बा सडक |
| ४ | धुले /ग्राभेल सडक | ८ | मार्फा–धवाङ आलुबारी |
| ५ | धुले /ग्राभेल सडक | १० | टुकुचे–झोङ कृषि सडक |
| ६ | धुले /ग्राभेल सडक | २५ | जोमसोम–ढल्के डाँडाँ–ढुम्बा साङता |

सडक तथा यातायातको अवस्थालाइ विश्लेषण गर्दा घरपझोंग गाउ पालिकामा जम्मा लम्बाई १०५ किलोमिटर मुख्य सडकहरु रहेको छ । जसमध्य जोमसोम पैरोथाप्ला ३७.५ किलोमिटर, जोमसोम मुक्तिनाथ २१ किलोमिटर, जोमसोम–ढल्के डाँडाँ–ढुम्बा साङता २५ किलोमिटर रहेको छ ।

<u>गाउँपालिका भित्र भएका पैदल मार्ग</u>

| क्रस | सडकको बर्गिकरण | जोडिने मार्ग | | लम्बाई किमी | प्रकार |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | जोभसोम - ठिनी – भ्यु टावर | जोमसोम | ठिनी | ३७.५ | कच्ची |
| २ | धुले /ग्राभेल सडक | जोमसोम | चिमांग | २१ | कच्ची |
| ३ | धुले /ग्राभेल सडक | जोमसोम | तिलिचो | ४ | कच्ची |
| ४ | धुले /ग्राभेल सडक | जोमसोम | क्षमा ताल | ८ | कच्ची |
| ५ | धुले /ग्राभेल सडक | जोमसोम | धौलागिरी बेस क्याम्प | १० | कच्ची |

यसै गरि गाउपालिका भित्र रहेका पैदल मार्गको जम्मा लम्बाई ८० किलोमिटर रहेको छ । यस्ता पैदल मार्गले जोमसोम देखि धौलागिरी बेस क्याम्प, तिलिचो तालसम्म जोडेको छ । यसले पर्यटन प्रबर्दनमा मद्दत पुर्याएको छ भने भूक्षय हुन बाट जोगाएको छ । घरपझोंग गाउपालिकाले पद मार्गहरुलाई अझ ब्यबस्थित गर्न सकेको खण्डमा आर्थिक बिकासको सम्भानालाई अझ टेवा पुग्ने छ साथै दिगो बिकासको कार्यलाई अघि बढाउन मद्दत पुग्ने छ ।

**१.३ जनसंख्याको विवरण (संकटा सन्नतामा रहेका वर्ग)**

**१.३.१ जातजातिअनुसारको जनसंख्या**

नेपाल अनेक जातजातिले भरिपूर्ण सुन्दर अनुपम राष्ट्र हो । यहाँ हिमाल देखि तराई सम्म अनेक विशेषताले भरिएका जातजाति देख्न सकिन्छ । विश्वमै सानो राष्ट्रको सुचीमा समाबेश भएता पनि जातजातिको हिसाबमा अत्यन्तै सम्पन्न रहेको छ । जातीय विविधताका कारणलेनै यहाँ कला तथा संस्कृतिमा अनुपम विविधता छ । नेपालको यो पहिचान विश्वसामुनै परिचय दिन सफल विषय हो । १२५ जातजाती तथा १२३ भाषाभाषि रहेको नेपाल साच्चिकै विविध जातजातीको बगंैचा हो । नेपालको यही गरिमालाई जोगाउँदै घरपझोङ गाउँपालिका पनि विविध जानजातीहरुको संगम स्थलको रुपमा रहेको छ । वडा सर्भेक्षण २०७५ को तथ्याङ्कलाई विश्लेषण गर्दा यस गाउँपालिकामा थकाली तथा गुरुङ जनजातीको वाहुल्यता देखिन्छ । त्यस्तै दलित जातीको पनि उल्लेख्य उपस्थिती देखिन्छ । जातियताको आधारमा गाउँपालिकाको घरधुरीअनुसारको विवरण तलको तालिकामा देखाईएको छ ।

| **वार्ड नं** | **दलित** | **जनजाती** | **अन्य** |
|---|---|---|---|
| १ | १४ | ७० | १ |
| २ | ५२ | ७२ | १ |
| ३ | २७ | १८० | ० |
| ४ | ३३ | १०८ | २ |
| ५ | ९ | १३५ | ० |
| **जम्मा** | **१३५** | **५६५** | **४** |

घर्पझोंग गाउपालिका भित्र रहेको कुल जनसंख्यालाई १.३.२ उमेरअनुसारको जनसंख्यामध्ये संकटा सन्नतामा रहेका वर्गहरु ७०५ घरधुरी रहेका छन् । यस मध्ये १३५ घरधुरी दलितहरु रहेको, ५६५ घरधुरी जनजाती र अन्य ४ घरधुरी रहेको पाइएको छ । यी संकटा सन्नतामा रहेका घरधुरीलाई गाउपालिकाले गाँउ परिषदबाट उनीहरुकै सहभागितामा बिषेस व्यवस्था गर्न जरुरि रहेको देखिन्छ ।

घरपझोङ गाउँपालिकाको कूल जनसंख्यालाई उमेरगत आधारमा हेर्दा यस गाउँपालिकामा ५ वर्ष भन्दा कम उमेर समुहको जनसंख्या ११० रहेका छन, त्यसवाहेक १ र २ वर्ष भन्दा कम वालवालिकाको तथ्याङ्क निम्नानुसार रहेको छ ।

| **वार्ड नं** | **१ वर्ष भन्दा कम उमेरका वालवालिका** | **२ वर्ष भन्दा कम उमेरका बालबालिका** | **५ वर्ष भन्दा कम उमेरका बालबालिका** |
|---|---|---|---|
| १ | १ | ३ | १७ |
| २ | ८ | २ | ३४ |
| ३ | १३ | ६ | २४ |
| ४ | ५ | ७ | १३ |
| ५ | ५ | ५ | २२ |

### १.३.३ जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग तथा एकल र बिधवा महिलाको विवरण

राज्य नागरिकको अन्तिम अभिभावक हो । अतः राज्यले आफ्ना नागरिकलाई विशेष अवस्थामा रक्षा गर्ने वचन दिएको हुन्छ । राज्यमा भैपरि आउने समस्या तथा नागरिकको जीवनका आम अवस्था भन्दा विशेष फरक अवस्था आएको खण्डमा राज्यले नागरिकको रक्षाको लागि विभिन्न नीतिगत व्यवस्था गरेको हुन्छ । यस्ता व्यवस्था मध्ये सामाजिक सुरक्षा पनि एक हो । सामाजिक सुरक्षाका कार्यक्रम भित्र पर्ने ज्येष्ठ नागरिक, वालवालिका, अपाङ्ग तथा असहाय व्यक्तिको विवरण निम्नानुसार रहेको छ।

| वडा नं. | | ज्येष्ठ नागरिक | | ज्येष्ठ दलित | | बालवालिका | आंशिक अपाङ्ग | | पुर्ण अपाङ्ग | विधवा महिला | एकल महिला | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | | महिला | | पुरुष | | महिला | पुरुष | | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | ७ | ११ | ४ | ३ | ३ | १ | ३ | २ | ० | १ | ४ | १ | ४० |
| २ | २७ | २२ | ६ | ४ | ७ | ६ | ४ | २ | ० | १ | ७ | ५ | ९१ |
| ३ | ११ | २१ | २ | २ | ५ | ४ | | | २ | १ | ७ | १ | ५६ |
| ४ | १५ | ४८ | १ | १ | १ | ३ | १ | १ | ० | ० | १६ | ३ | ९० |
| ५ | २८ | ३५ | १ | १ | ५ | ४ | २ | १ | ० | ० | १३ | १ | ९१ |
| **जम्मा** | **८८** | **१३७** | **१४** | **११** | **२१** | **१८** | **१०** | **६** | **२** | **३** | **४७** | **११** | **३६८** |

### १.३.४ शैक्षिक अवस्थाको विश्लेषण

शिक्षा मानव जिवनको अभिन्न पाटो हो। जसले मानवलाई जीवनको उचाईसम्म पुग्नलाई मद्दत पुर्याउँदछ। शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ। बर्तमान समयमा शिक्षाको शैलिहरु परिवर्तन हुँदै गइरहेका छन्। हिजोका दिनमा जस्तो पारम्परिक रुपले आजको समाज अगाडि वढ्न सक्तैन। यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

| **विवरण** | **सरकारी** | **सामुदायिक** | **निजि बिद्यालय** | **कुल** |
|---|---|---|---|---|
| आधारभूत | | ६ | १ | ७ |
| मा वि | | २ | १ | ३ |
| उ मा वि | | | | |
| क्याम्पस | | १ | | १ |

**वडा अनुसार साक्षरता प्रतिशत**

घरपझोङ गाउँपालिकाको साक्षरता प्रतिशतलाई तलको तालिकाम वडागत हिसावमा देखाइएको छ। यस तालिकामा साक्षरता प्रतिशत कुल जनसंख्याको आधारमा शिक्षित व्यक्तिको जनसंख्यालाई तुलना गरि औसतमा निकालिएको हो। तलको तालिका अनुसार यो गाउँपालिकालाई पूर्ण साक्षर क्षेत्र भन्न सकिन्छ।


| **वार्ड** | **साक्षरता प्रतिशत** | | | | | |
|---|---|---|---|---|---|---|
| | **औषत** | **महिला** | **पुरुष** | **दलित** | **जनजाती** | **अन्य** |
| १ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ |
| ३ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ |
| ४ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ |
| ५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ |

### १.३.५ बसोबासको स्थिति

गाउँपालिकाको वासिन्दाहरुलाई सेवा सुविधा दिने, कर लगाउने, आबास निर्माण गर्न नसकेका नागरिकलाई अनुदान दिने तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गर्ने लगायतका कार्यक्रमको लागि राज्यले गाउँपालिकाका क्षेत्रका घरहरुको बनावटलाई एक आधारको रुपमा हेरेको हुन्छ । यत्ति मात्र नभएर गाउँवासी नागरिकको घरको बनावटले उनीहरुको आर्थिक अवस्थाको पनि पूर्वानुमान गर्न मद्धत गर्दछ । घरपझोङ गाउँपालिकाका धैरैजसो घरहरु माटो तथा ढुङ्गाले (९३ प्रतिशत) निर्माण गरिएका छन् । यस बाहेक सिमेन्टेड घरहरु ७ प्रतिशत मात्र रहेका छन् ।

| वार्ड | बनावटको प्रकार | |
|---|---|---|
| | माटो र ढुंगा | सिमेन्ट र ढुंगा |
| १ | ६१ | २ |
| २ | ८८ | ९ |
| ३ | १४१ | ११ |
| ४ | ९६ | १२ |
| ५ | १२८ | २ |




### १.३.६ पेसा/ व्यवसायको स्थिति

विविध वातावरणीय, भौगोलिक साथसाथै माटोको उब्जाउपनको कमिको वावजुद पनि यस गाउँपालिकाका करिव ३० प्रतिशत जनसँख्या कृषिमा आवद्ध हुनुलाई अत्यन्त सकारात्मक रुपमा लिन सकिन्छ । विशेषत डाँडाहरुको विचविचमा रहेका खोंच तथा केही समथल भूभागहरुमात्र कृषिको लागि उपयुक्त रहेको यस गाउँपालिकामा कृषिजन्य वस्तुहरुको उत्पादन वढाउनको लागि आधुनिक कृषि प्रणालिमा जोड दिनु अत्यन्त आवश्यक देखिन्छ । आवश्यकताअनुसार कृषकहरुलाई अनुदान तथा प्रोत्साहन साथसाथै वजारीकरणमा सहजता र आधुनिक भण्डारणको विकास गर्न सके कृषकहरुलाई राहत पुग्ने देखिन्छ । यसवाहेक गाउँपालिकामा व्यापार, नोकरी गर्ने जनसँख्या पनि उल्लेख्य रुपमा देखिन्छ । यससम्वन्धि विवरण तलको तालिकामा देखाईएको छ ।

| वार्ड नं | राजनीति | लामा | मजदुरी | कृषि पशु | शिल्पी | व्यापार | अध्ययन | नोकरी | बेरोजगार | बैदेशिक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ९२ | ३ | १०१ | १३० | ४७ | ० | १५ |
| २ | ० | ० | ० | २२७ | २ | ९५ | १९४ | ७५ | ० | २७ |
| ३ | १ | ६ | २ | १८० | १ | १४१ | २५२ | ९९ | ० | ५४ |
| ४ | ० | ० | ० | २०५ | २ | ९४ | १८८ | ५८ | २८ | ४९ |
| ५ | १ | ६ | ० | २०३ | ० | १२२ | १९५ | ७५ | २७ | ४९ |





### १.३.७ पिउने पानी, इन्धन र शौचालय प्रयोगको अवस्था

जल मानव जीवनको महत्वपूर्ण आधार हो । जल बिना जीवनको कल्पना हुन सक्तैन । आजको मानविय सभ्यताको मूल आधार पनि जलाधारयूक्त स्थलहरु हुन् । पूर्वाधार विकास अन्र्तगत खानेपानीलाई महत्वपूर्ण स्रोतको रुपमा राखिन्छ । मानव जिवनमा पानीको महत्वहरु विविध रहेका छन् । जीवनको संचालन देखी आवास निर्माण, पूर्वाधार विकासका क्रियाकलाप संचालन तथा प्रकृतिका स्रोत साधनलाई मानव उपयोगी बनाउनको लागि गरिने प्रशोधन प्रकृयामा समेत पानीको महत्वपूर्ण भूमिका रहन्छ । कुनै पनि जीवित सम्पदाको वृद्धि र विकास तथा पुनः उत्पादनको लागि पनि पानी अत्यावश्यक हुन्छ । पानी एक यस्तो प्राकृतिक संयोजन हो, जसको पुरक यस प्रकृतिमा केहि पनि छैन । आज हरेक राज्यले आफ्ना नागरिकलाई स्वच्छ र सफा खानेपानीको सरल उपलव्धता गराउने परिकल्पना गरेका हुन्छन् । नेपालमा पनि विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलव्धता गराउनमा

राज्य लागिपरेको छ । घरपझोङ गाउँपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयमा ल्याउदै सहज रुपले नागरिक समक्ष खानेपानी उपलव्ध गराउनका लागि विविध प्रयत्न गर्नुका साथै स्वच्छ खानेपानी उपलव्ध गराउनको लागि राज्य र यसका संचालक निकायसंग पनि समन्वय गदै आइरहेको छ । वडा सर्भेक्षण २०७५ को विवरणलाई हेर्ने हो भने यस गाउँपालिकामा घरभित्रको धारामार्फत ५२४ घरधुरीमा पानिको उपलव्धता पाईएको छ ।


| वडा नं | खानेपानी को श्रोत | | |
|---|---|---|---|
| | धारा घर भित्र | धारा सार्बजनिक | जम्मा |
| १ | १ | ५ | ६३ |
| २ | २ | ७ | ९७ |
| ३ | ३ | १ | १५२ |
| ४ | ४ | १ | १०८ |
| ५ | ५ | १२ | १३० |



**शौचालाको अवस्था**

शौचालय मानव संस्कार, तथा मानवीय सभ्यताको परिचायक र स्वास्थ्यको महत्वपूर्ण आधार हो । वातावरणलाई सफा राख्न, रोगहरुको न्युनिकरण गरि स्वास्थ्यका सूचकलाई सकारात्मक बनाउन राज्यले शौचालयको प्रयोगलाई बढावा दिने कार्य गरिरहेको छ । साथै सु्रक्षित र स्वच्छ रुपमा शौचालयको प्रयोग होस भनि नागरिक सचेतनाका विभिन्न कार्यक्रम गरेको छ । यत्ति मात्र होइन नागरिकले शौचालयको सुरक्षित र अनिवार्य प्रयोग गरुन भन्ने उदेश्यले शौचालय अनिवार्य गर्ने पहल गरेको छ । मुस्ताङ जिल्ला खुल्ला दिशामुक्त जिल्ला घोषणा भएको जिल्ला हो । समयको चक्रसँगै घरपमm्ोङ गाउँपालिकामा फ्लस भएका शौचालयहरु प्रयोग गर्ने क्रम वढ्दो छ, यस हिसावले हाल २०७५ को सर्वेक्षण अनुसार लगभग ५ प्रतिशत घरपरिवारमा फ्लस शौचालयको सुविधा छ । वढ्दो पर्यटकीय अवस्था र चेतना को हिसावले पनि अवका केही वर्षमा सफा र सुरक्षित शौचालय प्रयोग गर्ने क्रम वढ्दै जाने विश्वास गर्न सकिन्छ ।

| वार्ड नं | शौचालय सुबिधा भएको घर | | |
|---|---|---|---|
| | फलस भएको घर | साधारण | जम्मा |
| १ | २ | ६१ | ६३ |
| २ | ९ | ८८ | ९७ |
| ३ | ११ | १४१ | १५२ |
| ४ | १२ | ९६ | १०८ |
| ५ | २ | १२८ | १३० |




### १.४ स्थानीय विपद तथा जलवायु उत्थान्शील योजनाको परिचय

#### १.४.१ योजनाको आवश्यकता तथा महत्व

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरु मध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा बिश्वमा चौथो, एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिम पहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिवर्ष विभिन्न प्रकारले सिर्जित विपद्हरुबाट सरदर औसतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले

मात्रै हुने गर्दछ। यसैगरी सबैभन्दा बढी आगलागीले धनसम्पत्तीको नोक्सानी हुने गरेको छ। मानवीय क्षति बाहेक पशु चौपाया, पंक्षी, जमिन र बालीनालीमा हुने क्षतिको आकलन गर्न नै गाह्रो छ।

विपद्को कारण नेपालले हरेक बर्ष औसतमा १ अरब २१ करोड बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशत रहेको छ भने विपद्ले विनास गर्ने दर ८ देखि २५ प्रतिशत सम्म हुने गरेको देखिएको छ। कमजोर भूबनोट, भूगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अबस्थामा रहेको छ। नेपाल भूकम्पीय जोखिममा रहेको कुरा विभिन्न अनुसन्धान र अध्ययनले देखाएका छन्। २०७२ साल बैशाख १२ र २९ गतेको भूकम्पले नेपाललाई ठूलो क्षति पुरयायो र त्यसको पुनर्निर्माण एवं पुनरुत्थानको लागि ठूलो लगानी र मिहिनेतको आवश्यकता रहेको छ। नेपालको भौगोलिक अवस्थाले गर्दा जुनसुकै समयमा देशको जुनसुकै भूभागमा भूकम्प जान सक्ने कुरालाई सबैले मनन गर्नुपर्ने स्थिति रहेको छ। यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन।

विपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोस्रो विश्व सम्मेलन भएको थियो। यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणापत्रलाई ह्योगो घोषणापत्र (Hyogo Action Plan) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Action Plan) नामले चिनिन्छ। त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने, विकसित मुलुकका उच्च प्रविधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निमार्णका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्व कोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी अवधारणाहरूलाई आपतकालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रम व्यवस्थितरूपमा समावेश गर्ने समेत उल्लेख गरिएको छ। नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको १० वर्षे Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानको Sendai मा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दिष्ट छन्।

नेपालमा जलवायु परिवर्तनको प्रवृत्ति (१९७१-२०१४) वार्षिक तापमान ०.०५ डिग्री सेल्सियस प्रति वर्षले बढ्दै रहेको देखाउँछ। मन्त्रालयले जारी गरेको प्रतिवेदन अनुसार वन र वातावरण (MoFE) र एकीकृत पर्वतको लागि अन्तर्राष्ट्रिय केन्द्र विकास (ICIMOD) २०१९ मा औसत वार्षिक वर्षामा वृद्धि हुने अपेक्षा गरिएको छ। दुबै छोटो अवधि (२०३०) र दीर्घकालीन (२०५०)। साथै, औसत तापमान मध्यम अवधिमा ०.९२-१.०७ डिग्री सेल्सियस र लामो अवधिमा १.३०-१.८२ डिग्री सेल्सियसले बढ्न सक्छ, र यो शताब्दीको अन्त्यसम्म १.७२-३.५८ डिग्री सेल्सियसले बढ्न सक्छ। विश्वव्यापी तापक्रमको रूपमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य रहेको छ, माथिको प्रक्षेपणले देखाउँछ कि नेपालका लागि भविष्य अझ चुनौतीपूर्ण हुनेछ। नेपाल जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको उच्च जोखिममा छ। विश्वव्यापी रूपमा जलवायु परिवर्तन, भूकम्पीय जोखिमका हिसाबले चौथो, एघारौं र तीसौं रुपमा क्रमबद्ध छ।

बाढी, पहिरो, खडेरी र चरम मौसमी घटनाहरूले जीवन, सम्पत्तिको क्षति र जीविकोपार्जन, साथै सबै जलवायु-संवेदनशील क्षेत्रहरूमा व्यापक क्षति गरेको छ। देशको अर्थव्यवस्था (MOFE २०१८ ) जलवायु परिवर्तनका

प्रभावहरूको जोखिमको सन्दर्भमा हालको र जोखिम मूल्याङ्कन प्रतिवेदन (MOFE, २०२१, ७७ मध्ये ५० जिल्लाहरू उच्च देखि धेरै उच्च जलवायु परिवर्तन जोखिममा रहेको छन्।

नेपाल सरकारले जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई सम्वोधन गर्न अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय आवश्यकता अनुरूप आफ्नो दायित्व निर्वाह गर्दै आएको छ। यसै क्रममा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ। विभिन्न आठवटा विषयगत तथा चारवटा अन्तर विषयगत क्षेत्रसँग सम्वद्ध नीति, रणनीति तथा कार्यनीतिहरू समावेश गरिएको यस नीतिले वन, जैविक विविधता र जलाधारको क्षेत्रमा जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरूको सुनिश्चितता गर्न जोड दिएको छ। यसको लागि वन तथा वातावरण क्षेत्रको योजना तर्जुमा र बजेट विनियोजनको चरणमा नै जलवायु परिवर्तनको विषयलाई एकीकृत गर्न जरूरी छ।

नेपालमा आर्थिक वर्ष २०६९/७० देखि जलवायु परिवर्तन सम्बन्धी बजेट संकेतको अभ्यास गरिंदै आएको छ। यसबाट बजेट विनियोजनमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यका लागि बजेटको सुनिश्चितता गर्न र प्रगति मापन गर्न सहज भएको छ। तर विगत केही वर्षको सिकाईबाट विभिन्न तह र क्षेत्रका विकास योजनाहरूमा जलवायु परिवर्तनको विषयलाई एकीकृत गरी जलवायु परिवर्तन नीतिको उद्देश्य हासिल गर्न बजेट कोडको प्रयोग मात्र अपर्याप्त हुने हुँदा यो विषयलाई योजना तर्जुमाकै चरणमा सम्बोधन गर्नुपर्ने देखिन्छ। वातावरण संरक्षण नियमावली २०७७ को नियम २५ को उपनियम १ र ३ मा क्रमशः जलवायु परिवर्तनको अवस्था, यसबाट परेको असर तथा उत्पन्न जोखिमका बिषयमा वन तथा वातावरण मन्त्रालयले र तापक्रम, वर्षा र जलप्रवाह लगायतका जलवायुजन्य अवयवहरूको आधारमा जलवायु परिवर्तन परिदृष्य सम्बन्धी बिषयमा जल तथा मौसम विज्ञान विभागले प्रत्येक पाँच वर्षमा राष्ट्रिय प्रतिवेदनहरू प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ भने सोही नियमको उपनियम ४ मा उक्त प्रतिवेदनहरूको आधारमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी योजना तर्जुमा र प्राथमिकीकरण गर्न सक्ने उल्लेख छ।

विपद्को सवाल भनेको राहत र उद्धारसँग मात्र सीमित छैन। आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गाँस, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, साँस्कृतिक लगायतका हरेक विषयहरुसँग यसको प्रत्यक्ष सम्बन्ध छ। यस्तै संवेदनशील सवालहरुलाई हृदयंगम गरी विपद् व्यवस्थापनका गतिविधिहरुलाई विकासका हरेक पक्षसँग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ। यसका लागि आवश्यक पर्ने अल्पकालीन एवम् दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिविधिहरुलाई विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो।

**१.४.२ योजनाको सीमा**

योजनाको कार्यान्वयन स्थानीय निकायहरुले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गका रुपमा गर्ने भएकाले विकास-निर्माण सँग सम्बन्धित भएर निरन्तर कार्यन्वयनमा रहनेछन। यो योजना 'स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका – २०६८ तथा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका – २०६८ तथा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका – २०७४' को मस्यौदा अनुसार तयार गरिएको छ।

मूलत स्थानीय समुदाय र सरोकारवालाको विपद व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाई र बुझाइमा आधारित रही यो योजना तयार गरिएको छ । यो योजना तर्जुमा कार्यमा पालिकाका सबै वडामा सहभागितामूलक संकटासन्नता तथा अनुकुलन क्षमता विश्लेषण गरी निर्माण गरिएको भए तापनि सङ्ख्यात्मक सीमितताले गर्दा प्रशस्त अनुभब समेट्न सकिएको छैन । समय, श्रोत /साधनको सीमितता भए तापनि योजना निर्माण गर्दा अपनाउनपर्ने सम्पूर्ण बिधिहरु अवलम्बन गरेर बहुपक्षीय सुचनाहरु संकलन गर्ने प्रयास गरिएको छ । यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसका लागि श्रोतको खोजी गर्नुपर्ने अवस्था रहन्छ जुन हुन्छ नै भन्न सकिन्न । त्यस्तै योजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि आवश्यक सबै दक्ष जनशक्तिको स्थानीय स्तरमा नै उपलब्धता नहुन पनि सक्छ ।

### १.४.३ योजना निर्माण र स्वीकृति प्रक्रिया

योजना निर्माणका क्रममा पालिकाका सरोकारवाला निकाय तथा व्यक्तिहरुसँग सामूहिक तथा व्यक्तिगत छलफल गरिएको थियो । यस योजनालाई सहभागितामूलक, प्रभावकारी र व्यवस्थित बनाउनका लागि पालिकाका बिषयगत कार्यालयका प्रमुखहरुसँग विपद व्यवस्थापनमा बिषयगत कार्यालयको भूमिकाका बिषयमा छलफलसमेत गरिएको थियो । स्थानीय विपद व्यवस्थापन क्मितिको नेतृत्वमा यो योजना तर्जुमाका लागि तपसिलका प्रक्रियाहरु अवलम्बन गरिएको थियो :

- स्थानीय विपद तथा जलवायु उत्थान्शील योजना तर्जुमासम्बन्धी गाउँपालिकासँग छलफल
- वडा र समुदायस्तरबाट संकटासन्नता तथा क्षमताको विश्लेषण गरि सूचना संकलन
- समुदायमा भएका प्रकोपका घटनाहरुको प्राबिधिक मुल्यांकन, सम्भावित जोखिम स्थान र सुरक्षित स्थानको पहिचानका साथै सम्भावित अल्पिकरणका योजनाहरु पहिचानका लागि भुगर्भाबिद्को परिचालन
- वडा र समुदायस्तरबाट संकलित सूचनाका आधारमा गाउँपालिकाको विपद र जलवायु जोखिम स्थिति प्रतिबेदन तयार
- जोखिम स्थिति प्रतिवेदनबारे योजना तर्जुमा गोष्ठी गरि विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा छलफल
- मस्यौदा लेखन र गाउँपालिकामा पेस
- मस्यौदामा स्थानीय विपद तथा जलवायु उत्थान्शील समिति र गाउँपालिकाको मुख्य सरोकारवालाबाट अध्ययन र सुझाब संकलन
- स्थानीय विपद तथा जलवायु उत्तःन्शील योजनाको अन्तिम योजना तयारगाउँपरिषदबाट अनुमोदन र कार्यन्वयन

### १.४.४ बजेट व्यवस्था

### १.४.५ योजना कार्यान्वयनको प्रक्रिया

### १.४.६ योजनाको अनुगमन, मुल्यांकन तथा पुनरावलोकन

# परिच्छेद दुई : प्रकोप, संकतासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोप स्तरीकरण

यस गाउँपालिकामा सबै वडाका सरोकारवाला र गाउपालिका र वडाका जना प्रतिनिधिहरुसगको छलफलबाट निम्न अनुसार प्रकोपहरु हुने गरेको देखिएको छ । सरोकारवालाहरुको उपस्थितिमा गरिएको समूह छलफलका आधारमा घरपझोंग गाउपलिकामा मुख्य रुपमा सात प्रकारका प्रकोपहरु रहेको देखिएको छ। छलफलमा आएका प्रकोपहरु मध्ये स्तरीकरण गर्दा सबै भन्दा बढी पहिरो रहेको देखिन्छ । प्रकोपले वडाका बिभिन्न स्थानमा पहिरो गएर निकै ठुलो मानबिय क्षति साथै धन जनको क्षति हुने गरेको देखिन्छ। क्षतिको बिस्तृत विवरण प्रकोपले यस गाउपालिका पुर्याएको क्षति सम्बन्धि शिर्षक मा राखिएको छ। यसै गरि दोश्रो स्थानमा नदि कटान रहेको छ भने तेश्रो स्थानमा बाढी रहेको छ ।

| प्रकोप | बाढी | नदि कटान | हिमपात | पहिरो | कोरोना महामारी | आगलागी | जंगली जनावर आतंक |
|---|---|---|---|---|---|---|---|
| बाढी | | नदि कटान | बाढी | पहिरो | बाढी | बाढी | बाढी |
| नदि कटान | | | नदि कटान | पहिरो | नदि कटान | नदि कटान | नदि कटान |
| हिमपात | | | | पहिरो | हिमपात | हिमपात | हिमपात |
| पहिरो | | | | | पहिरो | पहिरो | पहिरो |
| कोरोना महामारी | | | | | | कोरोना महामारी | कोरोना महामारी |
| आगलागी | | | | | | | आगलागी |
| जंगली जनावर आतंक | | | | | | | |
| कुल जम्मा | ४ | ५ | ३ | ६ | २ | ० | ० |

## २.२ विपद ऐतिहासिक समयरेखा

घरपझोंग गाउपालिकाको विपदको ऐतिहासिक स्थितिलाई केलाएर हेर्दा यस क्षेत्रमा बर्षौ पहिला देखि हिमपात र बढीले निकै ठुलो समस्या उत्पन्न गर्दै आइरहेको छ । विपदको ऐतिहासिक समय रेखालाई तलको तालिकामा देखिएको छ।

| विपदको नाम | विपद आएको बर्ष | क्षतिको विवरण (मानबिय र भौतिक क्षति) संख्या | वार्ड |
|---|---|---|---|
| बाढी | हरेक बर्ष | पुल्चोक क्षेत्रमा कृषि योग्य जमिन फुटेको | वार्ड ३ |
| | | मानब बस्तीमा जोखिम निम्त्याएको | |
| | | तटीय क्षेत्र कटान गरि जोखिम बढाएको | |

| | | | |
|---|---|---|---|
| | | सिचाई पुर्बाधारमा क्षति पुर्याउने गरेको | |
| पहिरो | | स्याङ्ग गाउँ बाट पहिरो झरी टुक्चे गाउँको बासिन्दाको घरमा क्षति तथा त्राशको बाताबरण भएको | |
| | २०७९ | एकले भट्टी तथा धर्मशाला क्षेत्रमा पहिरोको प्रकोप हुने गरेको | |
| हिमपात | | चौरी तथा भेडा बाख्रा मर्ने गरेको | |
| | | घरहरु चुहिने तथा भत्किने समस्या | |
| | बर्षेनी | सडक पार्क आदि स्थानको संरचना बिग्रिएको | |
| बाढी | बर्षेनी | राजखोला र फार्म खोलामा बाढी आउदा मानब बस्ति जोखिममा परेको | वार्ड २ |
| | | कृषि योग्य जमिन पुरेको, सिचाई पूर्वाधारमा क्षति पुगेको | |
| | | कोरोला मोटर बाटोमा क्षति पुगेको | |
| नदि कटान | बर्षेनी | काली गण्डकी नदीको छेउछाउमा रहेको जग्गा बर्षेनी कटान हुदै गरेको | |
| हिमपात | बर्षेनी | चौरी तथा भेडा बाख्रा मर्ने गरेको | |
| | | घर तथा गुम्बाहरु चुहिने तथा भत्किने समस्या | |
| जंगली जनावर आतंक | बर्षेनी | लेकमा रहेका गोठका भेडा बाख्रा र चौरी याकहरु मर्ने गरेको | |
| आगलागी | २०६७ | ठाने बनमा आगलागी हुदा बन पैदावार र जंगली जनावरमा क्षति पुर्याएको | |
| बाढी | बर्षेनी | लबकिमा कृषि योग्य जमिन पुरिएको | वार्ड १ |
| | | चिभाङ्ग खोलाले संरचनात्मक मोटर बाटो कटान भएको | |
| | | छैरो पुल (तिब्बेतियन क्याम्प ) बगाएको | |
| पहिरो | २०७९ | कालिगण्डकीको बहाव बढ्नाले छैरो गाउको बासिन्दालाई त्राशको बाताबरण भएको | |
| हिमपात | बर्षेनी | चौरी तथा भेडा बाख्रा मर्ने गरेको | |
| | | घरहरु चुहिने तथा भत्किने समस्या | |
| | | सडक लगायत भौतिक संरचना बिग्रिएको | |
| बर्खे पानि | २०७८ | चिभाङ्ग गाउका बासिन्दाका घर गोठ न्हुरी र मोटर बाटो इत्यादिको क्षति पुगेको | |
| कालिगण्डकीको बहाब | बर्षेनी | घैरो क्याम्प देखि घैरो गाउ हुदै लक्की सम्मको बस्ति र कृषि योग्य जमिन, स्याउ बगान कटान गर्दै लैजाने गरेको | |
| ठाडो खोला | बर्षेनी | मार्फा फारम खोलाले झोलुङ्गे पुलमा क्षति पुर्याएको | |
| | | मार्फा थाले खोलाले घैरो बस्तीलाई झोखिममा पारेको | |
| नदी कटान | वर्षेनी | - सशस्त्र क्याम्प क्षेत्रमा क्षेत<br>काठेपुल देखि आर्मी क्याम्प सम्मको क्षेत्रमा क्षति | |
| जमिन भासिने | वर्षेनी | नयाँ गाउँ क्षेत्रको जमिन भासिने गरेको | |

| | | | |
|---|---|---|---|
| हिमपात | वर्षेनी | - चौरी तथा भेडाबाखा मर्ने गरेको<br>- घरहरू चुहिने, भत्किने समस्या<br>खेतबारी लागायतका भौतिक संरचना बिग्रिने | |
| हिउचितुवा | वर्षेनी | भेडा च्याङ्ग्रा मार्ने गरेको | |

**२.३ राहत वितरण सम्बन्धि विवरण**

| वार्ड नं | विपदको प्रकार | क्षतिको विवरण | उपलब्ध गराइएको राहतको नाम | परिमाण |
|---|---|---|---|---|
| १ | कोरोना महामारी | खाधान्न संकट | नुन, तेल, चामल, चिनी वितरण | न्युन |
| २ | बर्षा, पहिरो | घर गोठहरु भत्किएको र सिचाई कुलो पुरिएको | नगद | ५ जनालाई क्रमश एक जनालाई १५००० र बकिलाई ५००० |
| | कोरोना महामारी | खाधान्न संकट | नुन तेल चामल | परिवार संख्याको आधारमा एक महिना पुग्ने गरि |
| ३ | कोरोना महामारी | खाधान्न संकट | नुन तेल चामल चिनी | न्युन |
| ४ | कोरोना लकडाउन | खाद्यान्न संकट | चामल, नून, तेल, चिनी वितरण | न्युन |

विपद पश्चात राहत वितरणको अबस्थालाई केलाउदा घरपझोंग गाउपालिकाका विभिन्न वडा मा बिभिन्न प्रकारका राहत सेवाहरु वितरण गरेको पाइन्छ बर्षा पहिरोले क्षति गरेको घर परिवारलाई नगद सहयोग गरेको पाइएको छ भने कोरोना महामारी बाट प्रभावित परिवारलाई खाद्यान्न सहयोग गरिएको छ।

**२.४ वार्ड स्तरीय विपद ब्यबस्थापन समितिको विवरण (WDMC)**

| वार्ड | पदाधिकारीको नाम | पद | फोन नं |
|---|---|---|---|
| १ | आश बहादुर थकाली | संयोजक | ९८५११२४४४६ |
| | मणि बिक | सदस्य | ९८४७७०४२६६ |
| | दुर्गा देबी रसाइली | सदस्य | ९८५७६३७८८४ |
| | चक्र सिंह थकाली | सदस्य | ९८६७९४९६२३ |
| | जैकला बिक | सदस्य | ९८६७९२०३६५ |
| | दुरेंद्र गौचन | सदस्य | ९८६७८४८३४१ |
| | धन बहादुर थकाली | सदस्य | ९८६४४२१६५२ |
| | देब राज पाण्डे | सदस्य | ९८४३६५५४७३ |
| | रण बहादुर बिक | सदस्य | ९८४७६८०४९९ |
| | शान्ति गौचन | सदस्य | ९८६७६३६०५१ |

| | | | |
|---|---|---|---|
| | दिलमाया थकाली | सदस्य | ९८६७९२०७३८ |
| | छिरिङ्ग लामा | सदस्य | ९८६७६८६२७५ |
| | नविन्द्र थकाली | सदस्य | ९८६७८४८४६२ |
| २ | मन बहादुर हिराचन | संयोजक | ९८४७७४२५८१ |
| | बुद्दी हिराचन | सदस्य | ९८६७७००९९९ |
| | अनिता घताने | सदस्य | ९८४७७६८९९२ |
| | हरि प्रसाद लालचन | सदस्य | ६९४०००८ |
| | बखत बहादुर लालचन | सदस्य | ९८४६३४७९५५ |
| | कर्ण बहादुर हिराचन | सदस्य | ९८४१७२१६५२ |
| | माया नेपाली | सदस्य | ९८४७७०४२३१ |
| | कल्पना ज्वारचन | सदस्य | ९८५७६५३६४० |
| | संगीता रेग्मी | सदस्य सचिब | ९८६७६९९७१५ |
| ३ | फलेन्द्र प्रसाद थकाली | संयोजक | ९८५७६५०००८ |
| | रोजी थकाली | सदस्य | ९८४७७९०१११ |
| | बिर प्रसाद थकाली | सदस्य | ९८४६००५१०१ |
| | आइतेलाल थकाली | सदस्य | ९८५७६५००३७ |
| | सुकबहादुर थकाली | सदस्य | ९८४७६३७९५४ |
| | सत् प्रसाद थकाली | सदस्य | ९८५७६५०२३७ |
| | भिम लाल थकाली | सदस्य | ९८४६७०२०३९ |
| | धनमाया थकाली | सदस्य | ९८६०४८१४०० |
| | योगेश सेरचन | सदस्य | ९८५७६५००३२ |
| | बिनिता परियार | सदस्य | ९८६२७९६५३८ |
| | किरण सापकोटा | सदस्य | ९८४९९५२७२२ |

वार्ड नं ४

१. संयोजक —श्री याम प्रसाद थकाली (वडा अध्यक्ष) ९८४७६८२०२२
२. सदस्य — श्री सुजिता शेरचन (वडा सदस्य) ९८४७६३८०७२
३. सदस्य — श्री आनन्द गुरुङ (वडा सदस्य) ९८४७६८२०९३
४. सदस्य — श्री विजय शेरचन (वडा सदस्य) ९८६७९७३४५६
५. सदस्य — श्री सरिता नेपाली (वडा सदस्य) ९८४७७४२९३९
६. सदस्य — श्री देवसिंह गुरुङ —गाउँ मुखिया ९८५६०२८३८५
७. सदस्य — श्री पुस्पा शेरचन- महामन्त्री — (ने.रे.सो, मुस्ताङ) ९८४७७११०४४
८. सदस्य — श्री रामचन्द्र अधिकारी —(प्र.अ. जनहित उच्च मा.वि.) ९८५६०३४३९१
९. सदस्य — श्री राकेश भट्टचन — (गाउँ सचिव, जोमसोम) ९८५७६३७८३८
१०. सदस्य — श्री विकल शेरचन —(संयोजक, युवा समुदाय, जोमसोम) ९८४६५८८३१३
११. सदस्य — श्री मिना शेरचन — (जोमसोम महिला समूह अध्यक्ष) ९८५७६५०५४८

१२. सदस्य — श्री जितेन्द्र शेरचन- (जनहित युवा क्लव, जोमसोम अध्यक्ष) ९८४७७८८८२३

१३. सदस्य — श्री प्रशान्त नेपाली — (जु.रे.स. सचिव जनहित उ.मा.वि.) ०६९-४४०१०३

१४. सदस्य — श्री अरुण नेपाली —(स्थानीय सरोकारवाला) ९८४७६३८०५१

१५. सदस्य — श्री मान बहादुर नेपाली — (स्थानीय सरोकारवाला)९८४७७११६००

१६. सदस्य — श्री पुस्कल नेपाली — (छोवा (कटवाल)) ९८४६१६००८९

१७. सदस्य सचिव — श्री नारायण प्रसाद पौडेल (वडा सचिव) ९८५७६५०१२३

**२.५ विपद ब्यबस्थापन तथा बातावरण क्षेत्रमा छुट्याइएको बजेट**

वार्ड १

| **बर्ष (Fiscal Year )** | **बजेट शिर्षक** | **विनियोजित बजेट (रु )** |
|---|---|---|
| २०७६/०७७ | नाराघांग खोलामा सिंचाई कुलो र पिल्लर मर्मत योजना | १५०००० |
| | कालिगण्डकी तटबन्धन योजना | ५००००० |
| | मार्फा नाराघांग ग्याबिन जाली | १५०००० |
| | बस्ति पछाडी ढल निकास तथा वृक्ष रोपन योजना | ५००००० |
| २०७७ /०७८ | कालिगण्डकी तटबन्धन योजना | १०००००० |
| | बस्ति पछाडी ढल निकास तथा वृक्ष रोपन योजना | १०००००० |
| २०७८ /०७९ | कालिगण्डकी तटबन्धन योजना | ९००००० |
| | बस्ति पछाडी ढल निकास तथा वृक्ष रोपन योजना | १०००००० |
| | **जम्मा** | **५२०००००** |

वार्ड नं ३

| बर्ष (Fiscal Year ) | बजेट शिर्षक | विनियोजित बजेट (रु ) |
|---|---|---|
| २०७६/०७७ | देकोंग स्यांग रिटेनिंग वाल | ५००००० |
| | एयरपोर्ट शिब मन्दिर मलपानी | २००००० |
| | मार्फा नाराघांग ग्याबिन जाली | १५०००० |
| | एयरपोर्ट ढल ब्यबस्थापन | ८००००० |
| २०७७ /०७८ | एयरपोर्ट क्षेत्र ढल विकास | ६००००० |
| | स्याङ्ग खोला तटबन्ध | ५००००० |
| | पुल्चोक क्षेत्र कालिगण्डकी तटबन्धन योजना | |
| २०७८ /०७९ | कालिगण्डकी तटबन्धन निर्माण | २९५०००० |
| | देकोंग स्यांग गाउ सडक ढलान | १५३०००० |

| | | |
|---|---|---|
| | सुरक्षित नागरिक आवास | ७००००० |
| | **जम्मा** | **७९३००००** |

**२.६ सम्भावित विपद तथा जोखिमहुने क्षेत्र (Landslide prone area, flood risk area, )**

| **वार्ड** | **विपदको नाम** | **स्थान** |
|---|---|---|
| १ | नदि कटान बाढी | घैरो गाउ |
| १ | पहिरो | तिब्बेतियन क्याम्प आवत जावत गर्ने झोलेंगे पुल |
| १ | हिमपात | वडा स्थित बसोबास क्षेत्र, खेति बालि |
| १ | महामारी | पुरै गाउपलिका |
| १ | आगलागी | वडा स्थित बसोबास क्षेत्र |
| २ | बाढी | राजखोला (पोम्क्यु खोला ), फार्म खोला, नाराघाँग क्षेत्र |
| २ | पहिरो | बस्ति पछाडिको पहाड, मोटर बाटोहरु |
| २ | नदि कटान | कालिगण्डकी छेउछाउको जग्गाहरु |
| २ | हिमपात | वडास्थित बसोबास क्षेत्र, लेकमा र खेति बाली |
| २ | जंगली जनावरको आतंक | लेकमा रहेको भेडा बाख्रा तथा याक गोठ |
| २ | महामारी | पुरै गाउपलिका |
| ३ | नदि कटान बाढी | धैती, पुल्चोक, सेथांग र एयरपोर्ट |
| ३ | पहिरो | ढुक्चे, एयरपोर्ट |
| ३ | आगलागी | वडा स्थित बसोबास क्षेत्र |
| ३ | हिमपात | वडा स्थित बसोबास क्षेत्र र खेति बालि |
| ३ | महामारी | पुरै गाउपलिका |
| ४ | नदी कटान | काठपुल देखि आर्मी ब्यारेक क्षेत्र |
| ४ | बाढि पहिरो | नयाँ गाउँ क्षेत्र |
| ४ | आगलागी | जोमसोम बस्ती तथा फर्निचर क्षेत्र |
| ४ | हिमपात | जोमसोम वस्ती तथा खेतबारी क्षेत्र |
| ४ | महामारी रोग | व्यक्ति तथा जनावरहरूमा |
| ४ | चितुवाबाट चौपाया नाश | जंगल तथा गोठ क्षेत्र |

## २.३ प्रकोप, मौसम पात्रो

### २.३.१ प्रकोप पात्रो

२.३.२ मौसमी पात्रो

२.३.३ बाली र वनस्पति पात्रो

२.४ बस्ती तहको संकतासन्नता स्तरीकरण

२.५ विपद वृक्ष विश्लेषण

२.६ क्षमता विश्लेषण

२.६.१ संस्थागत विश्लेषण

२.६.२ श्रोतको उपलब्धता तथा पहुँच

२.७ लक्षित समूह छलफल

## २.८ जोखिम विश्लेषण

२.८.१ भूकम्पको जोखिम विश्लेषण

२.८.२ पहिरोको जोखिम विश्लेषण

२.८.३ भेलबाढीको जोखिम विश्लेषण

२.८.४ अन्य प्रकोपको जोखिम

## परिच्छेद ३: दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति र रणनीति

### ३.१ दीर्घकालीन सोच

घरपझोंग गाउपालिकाले जलवायु अनुकुलन कार्यलाई दिगो बनाउन आफ्नो दुरदृष्टि निम्न अनुसार बनाएको छ।

### ३.२ दूरदृष्टि

"सूचना, संजाल तथा दिगो विकासकालागि जलवायु अनुकुलन"

### ३.३ ध्येय

"सूचना, संजाल तथा जलवायु अनुकुलनका माध्यमबाट दिगो विकासका कायम गर्ने"

### ३.४ लक्ष्य

जलवायु अनुकुलनका लागि सरोकारवालाहरुको क्षमता अभिब्रिद्दी गर्दै साथै सूचना, संजालको उच्चतम उपयोग गरि दिगो विकास हासिल गर्ने

### ३.५ उद्देश्य

- जलवायु अनुकुलनका लागि सूचना श्रोतलाई प्रभाबकारी बनाउने
- विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि अल्पिकरण योजनालाई प्रभाबकारी बनाउने
- सरकारी, स्थानीय निकाय, गैह्र सरकारी संस्था तथा दातृ निकायसंगको समन्वयमा नतिजामुखि कार्यक्रम संचालन गर्ने
- वन तथा वातावरणको संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न व्यक्ति, समुह तथा समुदायलाई जनचेतना अभिवृद्धि गर्ने
- विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि निजि क्षेत्रलाइ मुल्प्रबहिकरण गर्ने

### ३.६ योजना कार्यन्वयन रणनीति

| रणनीति | कार्य नीति |
|---|---|
| **उद्देश्य १ जलवायु अनुकुलनका लागि सूचना श्रोतलाई प्रभाबकारी बनाउने** | |
| **उद्देश्य १ हासिल गर्न अबलम्बन गरिने रणनीति** | **रणनीति १ पुरा गर्न का लागि गरिने कार्यनीति** |
| १. संचार माध्यमसंग जलवायु अनुकुलन तथा विपद ब्यबस्थापनको लागि समन्वय गर्ने | १. संचार माध्यमसंग जलवायु अनुकुलन तथा विपद ब्यबस्थापन सम्बन्धि सन्देशमुलक प्रचारप्रसार गर्ने |
| २. विपद सूचना केन्द्र स्थापना गर्न जिल्ला विपद ब्यबस्थापन समितिसंग सहकार्य गर्ने | २. गाउपालिकामा विपद सूचना केन्द्र स्थापना गर्ने |
| ३. विपद पोर्टल संचालनको लागि कर्मचारीको क्षमता विकास गर्ने | ३. रास्ट्रीय विपद ब्यबस्थापन प्राधिकरण (NDRRMA) संग सहकार्य गरि विपद पोर्टल संचालन गर्ने |
| **उद्देश्य २ विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि अल्पिकरण योजनालाई प्रभाबकारी बनाउने** | |
| **उद्देश्य २ हासिल गर्न अबलम्बन गरिने रणनीति** | **रणनीति २ पुरा गर्न का लागि गरिने कार्यनीति** |

| | |
|---|---|
| १. जलवायु अनुकुलन तथा विपद ब्यबस्थापनको कामलाई दिगो बनाउन अल्पिकरण योजनाको लागि निजि तथा बिषयगत सरकारी कार्यालयसंग सहकार्य गर्ने | १. सम्भावित विपद जोखिम क्षेत्रमा अल्पिकरण योजना कार्यन्वयन गर्ने |
| २. अल्पिकरण योजनाको लागि गाउ परिषदबाट रकम बिनियोजन गर्ने | २. रकम बिनियोजन गर्न प्रदेश सरकार संग अनुरोध गर्ने |
| **उद्देश्य ३ सरकारी, स्थानीय निकाय, गैह्र सरकारी संस्था तथा दातृ निकायसंगको समन्वयमा नतिजामुखि कार्यक्रम संचालन गर्ने** | |
| **उद्देश्य ३ हासिल गर्न अबलम्बन गरिने रणनीति** | **रणनीति ३ पुरा गर्न का लागि गरिने कार्यनीति** |
| १. सरकारी, स्थानीय निकाय, गैह्र सरकारी संस्था तथा दातृ निकायसंग समन्वय गर्ने | १. सरकारी, स्थानीय निकाय, गैह्र सरकारी संस्था तथा दातृ निकायसंग समन्वय गर्ने |
| २. स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण गर्ने | २. स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना कार्यन्वयन गर्नका लागि बिषयगत सरकारी, गैह्र सरकारी संस्था तथा दातृ निकायसंग समन्वय गर्ने |
| **उद्देश्य ४ वन तथा वातावरणको संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न व्यक्ति, समुह तथा समुदायलाई जनचेतना अभिवृद्धि गर्ने ।** | |
| **उद्देश्य ४ हासिल गर्न अबलम्बन गरिने रणनीति** | **रणनीति ४ पुरा गर्न का लागि गरिने कार्यनीति** |
| १. वन तथा वातावरण संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न समुदाय स्तरमा जनचेतना अभिब्रिद्दी गर्ने | १. वन तथा वातावरण संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न समुदाय स्तरमा जनचेतना अभिब्रिद्दी गर्न स्थानीय स्तरका सामुदायिक सस्था परिचालन गर्ने |
| **उद्देश्य ५ विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि निजि क्षेत्रलाइ मुल्प्रबहिकरण गर्ने** | |
| **उद्देश्य ५ हासिल गर्न अबलम्बन गरिने रणनीति** | **रणनीति ५ पुरा गर्न का लागि गरिने कार्यनीति** |
| १. विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि निजि क्षेत्रलाइ मुल्प्रबहिकरण गर्न सहकार्य गर्ने | १. विपद ब्यबस्थापन तथा जलवायु अनुकुलनका लागि निजि क्षेत्रलाइ परिचालन गर्ने |
| २. कृषिजन्य बस्तुलाइ जलबायु अनुकुलन हुनेगरी पकेट क्षेत्रको रुपमा विकास र विस्तार गर्ने | २. निजि क्षेत्रलाइ मुल्प्रबहिकरण गर्न सहकार्य गर्ने |
| ३. योजनाको प्रभावकारीता कार्यान्वयन भए नभएको अनुगमन तथा सुपरीवेक्षणका लागि गाउपालिका, जिल्ला दैवी प्रकोप उद्दार (विपद व्यवस्थापन) समितिलाई परिचालन गर्ने | |

**३.७ जलबायु अनुकुलन कार्ययोजनालाई कार्यन्वयन गर्न निम्न अनुसारको रणनीति अबलम्बन गरिनेछ।**

- योजनालाई गाउँ परिषदमा छलफल गरी अनुमोदन गरेर बैधानिकता प्रदान गरी कार्यान्वयन गरिने छ।
- योजना कार्यान्वयनको लागि गाउपालिकाले गाउ परिषदबाट बजेट छुट्याइने छ।
- विषयगत सरकारी कार्यालयहरु तथा विपद व्यबस्थापनका क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाहरुसँग समन्वयगरी कार्यान्वयन गर्न सहयोग लिइने छ।
- स्थानीय स्तरका दक्ष जनशक्ति उत्पादन तथा परिचालन गर्दै जलबायु अनुकुलन तथा विपद व्यस्थापनका लागि स्थानीय समुदायको क्षमतामा विकास गरिने छ ।
- यस गाउपालिकामा उत्पादन हुने कृषिजन्य बस्तुलाइ जलबायु अनुकुलन हुनेगरी पकेट क्षेत्रको रुपमा विकास र विस्तार गरिनेछ।
- स्थानीय स्तरको परम्परागतसीप, शैली, क्षमता र ज्ञानलाई उजागर गरी विपद व्यवस्थापनका लागि प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- योजनाको प्रभावकारीता कार्यान्वयन भए नभएको अनुगमन तथा सुपरीवेक्षणका लागि गाउपालिका, जिल्ला दैवी प्रकोप उद्दार (विपद व्यवस्थापन) समितिलाई परिचालित गराईने छ।
- यस योजनाको प्रत्येक वर्ष पुनरावलोकन गरी बार्षिक योजना तयार पार्न गाउपालिकालाई प्रेरित गरिनेछ र हरेक दुइ वर्षमा योजनाको वृहत पुनरावलोकन गरी अध्यावधिक गरिनेछ।

## परिच्छेद चार: स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

### १. योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनका विषयहरूको समायोजन

जलवायु परिवर्तनले पारेका प्रभावहरूसँग अनुकूलित हुँदै पुरानै प्राकृतिक अवस्थामा फर्कन सक्ने जीविकोपार्जन, वातावरण र पारिस्थितिकीय प्रणालीको क्षमतालाई जलवायु उत्थानशीलता भनिन्छ । जलवायु उत्थानशीलताको लक्ष्य हासिल गर्न विषयगत क्षेत्रहरू संवद्ध निकायहरूका नीति, रणनीति, कार्यक्रम तथा कार्ययोजनाहरूमा जलवायु अनुकूलन र न्यूनीकरणलाई समायोजन गर्नु आवश्यक छ। जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको समायोजनका मुख्य उद्देश्य लक्षित अनुकूलन र न्यूनीकरण कार्यक्रम मार्फत् संकटासन्न समुदायको जीविकोपार्जन, प्राकृतिक स्रोत र पारिस्थितिकीय प्रणालीलाई जलवायु उत्थानशील बनाउने हो।

### २. समायोजन गर्नुपर्ने विषयगत क्षेत्र तथा उपक्षेत्रहरू

जलवायु परिवर्तनका प्रभावहरू विभिन्न क्षेत्रमा देखिएका छन्। ती प्रभावहरू एक अर्कासँग अन्तर सम्बन्धित पनि रहेका हुन्छन्। जलवायु परिवर्तनका क्षेत्रगत प्रभाव र यिनीहरूको अन्तर सम्बन्ध समेतलाई ध्यान दिए योजना तर्जुमा गर्दा सामाजिक तथा पारिस्थितिकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्न मद्दत पुग्दछ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले विभिन्न विषयगत क्षेत्रका लागि विभिन्न रणनीति तथा कार्यनीतिहरू तय गरेको छ जस्को आधारमा ती विभिन्न क्षेत्रमा अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिन्छ । यस क्षेत्रको योजना तर्जुमाको क्रममा जलवायु परिवर्तनको बिषयलाई समायोजन गर्न मार्गनिर्देश गर्दछन्।

क) दिगो वन व्यवस्थापनलाई अवलम्बन गर्दै वनको कार्बन सञ्चिती वृद्धि गरिनेछ।

ख) बिषम मौसम तथा जलवायुजन्य प्रकोपबाट प्रभावित हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमीनमा कृषिवनको विकास गरिनेछ।

ग) जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

घ) जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं सम्वेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

ङ) एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गरिनेछ।

च) जलाधार तथा भू–परिधि व्यवस्थापनका असल अभ्यासहरूलाई अनुकूलन कार्यक्रममा समावेश गरी स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गरिनेछ।

ज) पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम र स्थानीय स्तरबाट संरक्षण कार्यमा गरिएको योगदानबाट प्राप्त वातावरणीय सेवा वापत भुक्तानी गर्ने प्रणालीको विकास र विस्तार गरिनेछ।

३ योजना तर्जुमा प्रक्रियामा जलवायु उत्थानशीलताको समायोजन प्रकृया

३.१ समुदायमा आधारित सस्थाहरु, क्लब तथा उपभोक्ता समुहहरु

समुदायमा आधारित सस्थाहरु, क्लब तथा उपभोक्ता समूहले वन र अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्दै आएका छन् । यस्ता उपभोक्ता समूहहरूका वार्षिक योजना तर्जुमा गर्ने क्रममा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका क्रियाकलापहरू समायोजन गर्न सके जलवायु उत्थानशील विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकिन्छ। यसले जलवायु परिवर्तन अनुकूलन र दिगो विकासको अवधारणालाई स्थानीय स्तरसम्म पुर्याउन

र लक्षित उद्देश्य हासिल गर्न सहयोग गर्दछ । उपभोक्ता समूहको कार्ययोजनामा जलवायु उत्थानशील कार्यक्रम समावेश गर्नका लागि निम्न चरणहरू अवलम्बन गर्नुपर्दछ ।

प्रथम चरणः समस्याको पहिचान तथा विश्लेषण

यस चरणमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक आर्थिक÷सामाजिक र जैविक÷भौतिक (Socioeconomic and biophysical) सूचनाहरू संकलन गर्दछन् । यसका साथै आफ्नो समूह अन्तर्गत पर्ने घरधुरीको सम्पन्नता स्तरीकरण गर्दछन्

जसबाट जीविकोपार्जनको स्तर उन्नतिको लागि लक्षित वर्ग र उनीहरूका लागि उपयुक्त कार्यक्रमको पहिचान गर्न सहयोग

पुग्दछ । यी सूचना संकलनमा जलवायु परिवर्तन सम्बन्धी संकटासन्नता तथा जोखिम विश्लेषणका विषयहरूलाई समावेश

गरी समूहका कार्ययोजनाहरूलाई जलवायु उत्थानशील बनाउन सकिन्छ । सूचना संकलन गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ ।

क) सुसूचित गराउनेः जलवायु परिवर्तनका विषयहरूलाई उपभोक्तास्तरमा सुसूचित गराउने र यसको समस्या विश्लेषणमा

समावेश गराउने ।

ख) जलवायु परिवर्तनको अवस्था विश्लेषणः उपभोक्तास्तरमा जलवायु परिवर्तन कसरी भइरहेको छ, कस्ता समस्याहरू देखापरेका छन् भन्ने कुराहरू पहिचान एवं विश्लेषण गर्ने

ग) जलवायु परिवर्तनले जीविकोपार्जन र समुदायमा परेको प्रभाव विश्लेषणः जलवायु परिवर्तनवाट कुन व्यक्ति, परिवार वा सामाजिक समूहको जीविकोपार्जनमा के कस्तो असर परेको छ, विपन्न तथा सीमान्तकृत समुदायमा के कस्तो संकट आइपरेको छ, र भविष्यमा यसको जोखिमको स्तर के कस्तो छ लगायतको विश्लेषण गर्ने

घ) जलवायु परिवर्तनले पारिस्थितिकीय सेवा प्रवाहमा पारेको प्रभाव विश्लेषणः वन, प्राकृतिक स्रोत र जैविक विविधतामा जलवायु परिवर्तनले के कस्तो प्रभाव पारेको छ, कुन स्रोत कसरी प्रभावित छ र जोखिमको स्तर कस्तो छ भन्ने विश्लेषण गर्ने

ङ) संकटासन्नता र जोखिमको स्तर विश्लेषणः घरधुरी एवं समुदाय स्तरवाट तथ्यांक तथा सूचना संकलन गरी प्रकोप तथा विपद्को सूची तयार गर्ने र यसको विश्लेषणबाट संकटासन्नता र जोखिमको स्तर विश्लेषण गर्ने

दोस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको पहिचान

समुदायमा आधारित सस्थाहरु, क्लब  तथा उपभोक्ता समूहले वन, भू–संरक्षण, जलाधार संरक्षण लगायत वातावरण संरक्षण र स्थानीय विकासका एकीकृत कार्यकमहरू र जीविकोपार्जनका कार्यक्रमहरू संचालन गर्दै आएको भए पनि कार्यक्रमहरूलाई जलवायु परिवर्तनका दृष्टिकोणबाट विश्लेषण र मूल्यांकन गर्ने अभ्यास स्थापित भएको पाईदैन । त्यसैले कार्यक्रम तयार गर्दा पर्यावरण, सामाजिक प्रणाली तथा आर्थिक क्षेत्रहरूमा वर्तमान र भविष्यमा आईपर्न सक्ने जलवायु परिवर्तनका प्रभावलाई विश्लेषण गरी त्यसलाई सम्बोधन गर्न उपयुक्त अनुकूलन र जोखिम न्यूनीकरणका क्रियाकलापहरूको पहिचान गर्नुपर्दछ । यसका लागि निम्न कार्यहरू अवलम्वन गर्नुपर्छ ।

क) संकटासन्न घरधुरी तथा समुदाय केन्द्रित अनुकूलन कार्यहरू पहिचान गर्नेः पहिलो चरणको संकटासन्नता तथा जोखिमका तथ्यांक तथा सूचनालाई आधार मानी संकटासन्नता तथा जोखिमको स्तरको आधारमा जीविकोपार्जनलाई थप सुदृढ गर्न घरधुरी र समुदाय केन्द्रित अनुकूलन अभ्यास तथा कार्यहरू निर्धारण गर्ने

ख) जोखिम न्यूनीकरण कार्यहरू पहिचान गर्नेः वन, प्राकृतिक स्रोत र जैविक विविधतामा (दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति) जलवायुजन्य जोखिमको नियन्त्रणका लागि जोखिम न्यूनीकरण कार्यहरू (जस्तै वन डढेलो नियन्त्रण तथा
व्यवस्थापन) पहिचान गर्ने ।

ग) जलवायुमैत्री कार्यहरूको पहिचान गर्नेः वन, जैविक विविधता, जलाधार संरक्षण र वातावरण सम्बन्धी कार्यहरू पहिचान गर्दा यी कार्यहरूले कार्बन सञ्चिति, हरितगृह ग्यास कटौती एवं जलवायुजन्य जोखिम न्यूनीकरणका साथै समुदायको
अनुकूलन क्षमता अभिवृद्धि र समग्र जीविकोपार्जनमा पुर्याउन सक्ने योगदानलाई ध्यान दिनुपर्दछ । थप जोखिम बढाउने
कार्यलाई समावेश नगर्नु उपयुक्त हुन्छ । नियमित कार्यक्रम जलवायु उत्थानशील भए नभएको पहिचान गर्न स्क्रिनिङ विधि अपनाउन सकिन्छ ।

घ) स्थानीय ज्ञान र स्रोतको पहिचानः जलवायु अनुकूलन र जोखिम न्यूनीकरणका कार्यहरू पहिचान गर्दा स्थानीय सामाजिक अगुवा, अनुभवी किसान तथा ज्येष्ठ व्यक्तित्वहरूसँग विभिन्न कालखण्डमा विभिन्न खालका प्रकोप, विपद र त्यससँग बच्न गरिएका प्रयासहरू सम्बन्धमा जानकारी लिई उपयोगी प्रमाणित भएका प्रविधिहरूलाई प्रयोगमा ल्याउनुपर्दछ । साथै त्यस प्रकारका जलवायु उत्थानशील क्रियाकलापहरूको लागत अनुमान गरी स्रोतको पहिचान तथा लेखाजोखा गर्नु पर्दछ ।

तेस्रो चरणः जलवायु उत्थानशील कार्यक्रमको प्राथमिकीकरण

समुदायमा आधारित सस्थाहरु, क्लब  तथा उपभोक्ता समूहले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण कार्यहरूको पहिचान गरी सूचिकृत गरेपछि सूचिकृत कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्छ । यो चरणको मुख्य उद्देश्य अति संकटासन्न र जोखिममा रहेका घरधुरी, समुदाय र पारिस्थितिकीय प्रणालीका लागि अति जरूरी अनुकूलन कार्यहरू, जोखिम न्यूनीकरणका उपायहरू र जलवायुमैत्री कार्यहरूलाई प्राथमिकीकरण गर्नु हो । प्राथमिकीकरण गर्ने आधार तथा मापदण्ड निम्न बमोजिम छन्

क) महिला, संकटासन्न घरधुरी तथा समुदायको जीविकोपार्जनलाई सहयोग गर्ने कार्यक्रम ।

ख) वन, प्राकृतिक स्रोत, जैविक विविधता र जीविकोपार्जनका स्रोतहरूमा जलवायु परिवर्तनका नकारात्मक असरलाई घटाउन सक्ने कार्यक्रम ।

ग) जन सहभागिता (महिला, सीमान्तकृत समुदायको मा संचालन गर्न सकिने र समुदायले अपनत्व लिने खालका कार्यक्रम ।

घ) कम लागतबाट बढी फाइदा दिने खालको कार्यक्रम ।

ङ) कार्यान्वयन गर्न सहज र सजिलो कार्यक्रम ।

च) पारिस्थितिकीय प्रणाली र प्राकृतिक स्रोतको दीगो उपयोग, संरक्षण र सम्वद्र्धन गर्ने कार्यक्रम ।

चौथो चरणः साधारण सभाबाट पारित गर्ने

समुदायमा आधारित सस्थाहरु, क्लब  तथा उपभोक्ता समूहले आफ्नो कार्यक्रम सामुहिक छलफलका आधारमा साधारण सभाबाट पारित गर्ने संस्थागत प्रकृया छ । साधारण सभामा उपभोक्ता समूहको कार्यकारी समिति, स्थानीय जानकारहरू, सरकारी निकायका प्रतिनिधिहरू (वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, वार्ड प्रतिनिधि) तथा अन्य सरोकारवालाहरूसहित समुदायमा आधारित सस्थाहरु, क्लब  तथा

उपभोक्ता समुहको सदस्यको उपस्थिति रहने गर्दछ । समूहको साधारण सभाबाट प्राथमिकीकरण भएर आएका उत्थानशीलताका कार्यक्रमहरूलाई निर्णय गरी कार्यक्रमको अवधि, महत्व तथा लागत समेतका आधारमा सम्बन्धित बिषयगत कार्ययोजना तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्दछ ।

४.१ बहुप्रकोपको जोखिम न्यूनीकरण सन्दर्भमा घरपझोंग गाउँपालिकाको नीति निर्माण, जनचेतना अभिवृद्धि र जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरु

४.२ पहिरो र भेलबाढी जोखिम न्यूनीकरण सन्दर्भमा

४.३ जलवायु अनुकुलन तथा विपद पूर्वतयारी योजना

४.४ विपद प्रतिकार्य योजना

४.५ पुनर्लाभ (पुनर्स्थापना र पुनर्निर्माण) का क्रियाकलापहरु

## परिच्छेद: ५ जलवायु अनुकुलन स्थानीय विपद तथा उत्थान्शील योजनाको अनुगमन, मुल्यांकन तथा अद्यावधिकता

### ५.१ योजनाको अनुगमन, मुल्यांकन तथा पुनरावलोकन

### ५.२ योजनाको अद्यावधिक


घरपझोंग गाउपालिका


2022.08.26 14:35




BM-1


2022.08.21 10:09


2022.08.22 14:31




2022.08.22 17:34


2022.09.03 15:25